# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
१ नं.प्रदेश, नेपाल

राष्ट्रपति महिला उत्थान जीविको पार्जन सुधार कार्यक्रम सञ्चालन सम्वन्धी प्रस्ताव आवहान
(दोस्रो पटक प्रकाशित २०७९/०९/०४ गते सोमबार)

आ.व २०७९/०८० मा यस कोशी गा.पा बाट राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन हुने भएको हुँदा राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्वन्धी मापदण्द ,२०७७ को दफा ९ बमोजिम योग्यता पुगेका संस्थाले सोही मापदण्डको दफा १० बमोजिम कागजातहरु संलग्न गरि कार्यक्रमको अवधारणा पत्र र व्यावसायिक योजना सहितको प्रस्तावका लागि १५ दिने सुचना प्रकाशित गरिएको र पुन दोस्रो पटक प्रकाशित मितिले ७ दिनभित्र यस कार्यालयमा पेश गर्नका लागि यो प्रस्ताव आवहान गरिएको छ, ।

१ कार्यक्रमको नाम : राष्ट्रपति जीविकोपार्जन सुधार कार्यक्रम

२ कार्यक्रम संञ्चालन हुने स्थानीय तह : कोशी गा.पा ,लौकही ,सुनसरी

३कार्यक्रमको उद्देश्य : जीविकोपार्जन सुधार कार्यक्रम संञ्चालनको उद्देश्य देहायबमोजिम रहेको छ,

(क) विपन्न महिलाहरुको जीवनस्तरमा बढोत्तरी ल्याउनु

(ख) स्थानीय स्रोत साधन समेतको समुचित प्रयोग गर्दै उद्यमशीलता विकासको माध्यमबाट महिलाहरुको आर्थिक सशक्तिकरण गर्नु

(ग) आय आर्जन तथा जीविकोपार्जन सुधारका माध्यमबाट महिला सशक्तिकरण र महिलाद्धारा स्थापित संस्थाको क्षमता अभिवृद्धि गर्नु,

४.जीविकोपार्जन सुधार कार्यक्रमका लागि व्यवसायको क्षेत्रः

(क) कृषि तथा पशुपालन क्षेत्र : सहकारी खेती ,सामुहिक खेती ,आधुनिक खेती ,पशुपालन ,माछापालन ,माहुरी पालन लगायत कुनै पनि क्षेत्रको कृषि उत्पादनमा आधारित व्यवसाय कार्यहरु

(ख)पर्यटन क्षेत्र : होमस्टे,होटेल,रेष्टुरेन्ट,ट्रेकिङ,टुर गाइड,स्थानीय स्रोत साधन र संस्कृतिमा आधारित व्यवसाय कार्यहरु ,

(ग) ग्रैहकृषि क्षेत्रः वनपैदावार लोकता कागज उद्योग ,अल्लो ,जडीबुबटी उत्पादन तथा प्रशोधन ,ढाका बुनाई ,इम्ब्रोइडरी होजियारी ,बेकरी ,हस्तकलाका सामान ड्राइभिङ ,प्लम्बिङ ,ब्युटीपार्लर ,क्रिस्टल,शैलुन ,इलेक्ट्रिसियन लगायतका व्यवसाय कार्यहरु,

५. लक्षित समुह/समुदायः विपन्न महिला

६. प्रस्ताव मुल्यांकनको आधार र प्रकृया मापदण्डको दफा ११ बमोजिम हुनेछ । महिलाहरुबाट मात्र स्थापित संञ्चालित स्थानीय संस्थालाई प्राथमिकता दिईनेछ ।

सम्पर्कः
रितामाया मगर : ९८२९३३०८३९

२०७९/०९/०४

सुरप्रसाद दंगाल
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

कोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लौकही सुनसरी १ नं. नेपाल